बैठक संख्या- ०५/०८३।०८४

आज मिति २०८३ साल आश्विन महिनाको २८ गते बुधवारका दिनको ३.०० बजे यस सुस्ता गाउँपालिकाको गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री टेकनारायण उपाध्याय ज्यूको अध्यक्षतामा निम्न अनुसारको उपस्थितिमा बसी देहाय बमोजिमका प्रस्तावहरु उपर छलफल गरि निम्न निर्णय गरियो ।

उपस्थिती

हस्ताक्षर	नामथर	पद
	श्री टेकनारायण उपाध्याय	अध्यक्ष
	श्री गिता चौधरी	उपाध्यक्ष
	श्री अशोक कुमार चौधरी	सदस्य
	श्री कृष्णलाल मुखिया	सदस्य
	श्री हरिलाल दुसाध	सदस्य
	श्री निल बहादुर गुरुङ्ग	सदस्य
	श्री प्रभुनाथ अहिर	सदस्य
	श्री मुना पुन	सदस्य
सिता	श्री सिता देवी थारु	सदस्य
	श्री शर्मिला दर्जी	सदस्य
प्रभावती	श्री प्रभावती चमार	सदस्य
रामजी	श्री रामजी शर्मा बढई	सदस्य
	श्री रामपियारे चमार	सदस्य
	श्री अर्जुन प्रसाद रेग्मी	प्रमुख प्रशासकीय अधिकृत

व्यवस्थापन

	श्री राजु सुवेदी	बरिष्ठ लेखा अधिकृत
	श्री विष्णु प्रसाद ढकाल	प्रशासकीय अधिकृत

प्रस्तावहरु

१. प्रमुख प्रशासकीय अधिकृत ज्यूको स्वागत सम्बन्धमा ।
२. उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधी, २०८३ स्वीकृत सम्बन्धमा ।
३. विपद् व्यवस्थापनको सन्दर्भमा भएको खर्च रकम भुक्तानी सम्बन्धमा।
४. नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयन समिति अनुमोदन सम्बन्धमा ।
५. विद्यालय पूर्वाधार विकास कार्यक्रम संचालन सम्बन्धमा ।
६. कृषि विकास कार्यक्रम संचालन कार्यविधी, २०८२ पहिलो संसोधन सम्बन्धमा ।
७. रिटर्नी युवा संग अध्यक्ष कृषि कार्यक्रम सञ्चालन कार्यविधी, २०८३ स्वीकृत सम्बन्धमा ।
८. सुस्ता गाउँपालिका वडा नं. ५ झोलुङ्गे पुलमा आउने सवारी साधन बाट पार्किङ्ग शुल्क उठाउने सम्बन्धी आय ठेक्का पुनः खोल्ने सम्बन्धमा ।
९. सहायक कम्प्यूटर अपरेटर ममता भट्टराईको करार सम्झौता अन्त्य गर्ने सम्बन्धमा ।
१०. जनता दलित आधारभुत विद्यालय, सुस्ता ५ मा बाढी पसी भएको क्षती सम्बन्धमा ।
११. जग्गा बर्गिकरण सम्बन्धमा ।

प्रस्तुत प्रस्तावित विषयहरुमा छलफल गरी देहाय बमोजिमको निर्णय गरियो ।

निर्णय नं.१

- सुस्ता गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतको रुपमा खटिई आउनु भएका श्री अर्जुन प्रसाद रेग्मी ज्यूलाई गाउँपालिकामा स्वागत गर्ने निर्णय गरियो ।

निर्णय नं.२

- सुस्ता गाउँपालिका अन्तरगत विभिन्न योजनाहरु संचालनका लागि गठन भएका उपभोक्ता समितिहरु दर्ता गर्नका लागि "उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधी, २०८३" स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.३

- सुस्ता गाउँपालिका वडा नं. ५ नारायणी नदी पारी सुस्तामा नारायणी नदीले गरेको कटान एवं रसुवा जिल्लाको भोटेकोशी नदीमा मिति २०८३।०५।१० गते आएको भिषण तथा विनाशकारी बाढीका कारण नारायणी नदीमा जलस्तर उच्च भई सुस्ता गाउँमा पस्ने उच्च सम्भावना भएकाले सुस्ता बासी नागरिकहरुलाई सुस्ता ५ स्थित वि.पि. मा.वि.मा आश्रय स्थलमा व्यवस्थापन गर्ने कार्य र भोटेकोशी नदीमा आएको भिषण तथा विनाशकारी बाढीमा परी बगेर आएका शवहरुको व्यवस्थापन गर्ने सिलसिलामा नेपाली सेना , सशस्त्र प्रहरी र नेपाल प्रहरी संगको समन्वयका बारेमा समिक्षा गरियो । सुस्ता ५ स्थित वि.पि. मा.वि.मा आश्रय स्थलमा व्यवस्थापन गर्दा भएको खर्च तथा शवहरु संकलन गर्न खटिएका नेपाली सेना , सशस्त्र प्रहरी बल नेपाल, नेपाल

टेक नारायण उपाध्याय
अध्यक्ष

प्रहरी र नगर प्रहरीलाई खाजा, पानी, मास्क, स्यानीटाईजर, ग्लोब्स लगायत सामाग्री उपलब्ध गराउदा भएको खर्च एवं शव संकलनका लागि प्रयोग गरिएका डुङ्गा बापतको रकम र मिति २०८३ आश्विन ८ गते देखि आएको अविरल वर्षातका कारण सुस्ता बासीहरुलाई सुस्ता ५ स्थित वि.पि. मा.वि.मा आश्रय स्थलमा मिति २०८३।६।११,१२ र १३ गते सम्म राख्दाको विभिन्न खर्च बापतको रकम रु ३८७४४ तिन लाख सतासी हजार चार सय सत्तचालिस मात्र) विपद् व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.४

- प्रदेश सरकार संगको साझेदारीमा संचालित नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनका लागि शिक्षा समितिबाट गठन भई पेश भएको तपसिल अनुसारको समिति अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

संयोजकः प्रमुख प्रशासकीय अधिकृत
सदस्यः आर्थिक प्रशासन शाखा
सदस्यः प्रशासन शाखा
सदस्यः सूचना प्रविधि शाखा
सदस्य सचिवः शिक्षा शाखा

समितिले आवश्यक्ता अनुसार विज्ञलाई आमन्त्रित गर्न सक्नेछ।

निर्णय नं.५

- गाउँशिक्षा समितिको बैठकबाट संघीय सरकार सँगको लागत साझेदारीमा संचालित विद्यालय पूर्वाधार विकास कार्यक्रम सुस्ता- २ स्थित महेन्द्र मा.वि.मा संचालन गर्ने गरी गरेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.६

- सुस्ता गाउँपालिका द्वारा स्वीकृत "कृषि विकास कार्यक्रम संचालन कार्यविधी, २०८२ का केही दफाहरुमा भएका व्यवस्थाका कारण कार्यक्रम कार्यान्वयनमा अन्यौलता भएको हुँदा कृषि विकास कार्यक्रम संचालन कार्यविधी, २०८२ को पहिलो संसोधन गर्ने निर्णय गरियो ।

निर्णय नं.७

- सुस्ता गाउँपालिकाको आ.ब. ०८३।०८४ को बार्षिक स्वीकृत रिटर्निज युवासँग अध्यक्ष कृषि विकास कार्यक्रम कार्यान्वयनका लागि तयार गरिएको " रिटर्निज युवासँग अध्यक्ष कृषि कार्यक्रम संचालन कार्यविधी, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

टेक नारायण उपाध्याय
अध्यक्ष

निर्णय नं.८

- सुस्ता ५ स्थित झोलुङ्गे पुलमा आउने सवारी साधनबाट आ.ब. ०८३।०८४ मा पार्किङ्ग शुल्क संकलनका लागि आय ठेक्का संकलन गर्नको लागि सूचना प्रकाशन गरेकोमा ठेक्का जान नसकेको र हाल ठेक्का अवधि कम भएको तथा झोलुङ्गे पुलमा आउने पर्यटकहरु समेत कम भएको हुदा ठेक्काको न्युनतम अंक रु ५५०००० बाट घटाई रु ४००००(चार लाख मात्र) कायम गरी पुनः ठेक्का सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

निर्णय नं.९

- सुस्ता गाउँपालिकाको कम्प्युटर अपरेटर पदमा स्थायी कर्मचारी सरुवा भई आएको हुदा सो दरबन्दीमा सहायक कम्प्युटर अपरेटर पदमा करार सेवामा कार्यरत श्री ममता भट्टराई संग भएको करार सम्झौता मिति २०८३ साल आश्विन मसान्त देखि लागु हुने गरी अन्त्य गर्ने र निजले सहायक कम्प्युटर अपरेटर पदमा करार सेवामा रही गाउँपालिकालाई पुर्याएको योगदानको लागि धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं.१०

- सुस्ता गाउँपालिका वडा नं. ५ नारायणी नदी पारी रहेको जनता दलित आधारभुत विद्यालयमा मिति २०८३ आश्विन ८ गते देखि आएको बर्षातको कारण नारायणी नदीमा आएको बाढी पसी विद्यालयमा क्षति पुर्याएको हुदा सहयोगको लागि सामाजिक विकास डिभिजन कार्यालय, भैरहवालाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं.११

- सुस्ता गाउँपालिकाको मिति २०८०।०३।३१ को बैठकबाट स्वीकृत गरिएको जग्गाको भू-उपयोग क्षेत्र बर्गिकरण विवरण जग्गाको भौगोलिक अवस्थिती, उपयोगको अवस्था र जग्गाको प्रकृति अनुसार वडा कार्यालयबाट सिफारिस भई आएका बर्गिकरण छुट भएका तपसिलका जग्गालाई तपसिल अनुसार बर्गिकरण कायम गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

टेक नारायण उपाध्याय
अध्यक्ष